# श्री सिंहदर्जा सामुदायिक वन उपभोक्ता समूह

सैनामैना-१०, सालझण्डी, रुपन्देही

पत्र संख्या : ०८१/०८२
च.नं. :२२

मिती :२०८२/३/१८

विषय : काठ दाउरा लिलाम बिक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना
बुटवल टुडे पत्रमा पहिलो पटक प्रकाशित मिति २०८२/०३/१७

प्रस्तुत विषयमा डिभिजन वन कार्यालय रुपन्देहीको च.नं. २९३४ को मिति २०८२/०३/१२ को लिलाम बिक्रि सहमति अनुसार यस सामुदायिक वन उपभोक्त समूहको आ.ब. २०८१/०८२ मा कटान भई घाटगद्दीमा भएका काठ दाउरा मध्ये आन्तरिक उपभोक्तालाई बिक्रि वितरण गरी बाँकी रहेको साल जातको काठ ९२६।२० क्यू असना ३२२।६० क्यू, बाँझी ४१३।७८ क्यू. , जम्मा काठ १६६२।६८ क्यू. र दाउरा साल मिश्रित ६ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनो खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी प्रक्रिया द्वारा लिलाम बिक्रि गर्न परेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । डिभिजन वन कार्यालयमा सूचिकित फर्म वा कम्पनी वा व्यक्तिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिन भित्र बसेको लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र समूहको कार्यालय डिभिजन वन कार्यालय रुपन्देहीबाट खरिद गरी २२ औं दिन १ बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्हहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

लट नं. १

| क्र.सं. | जात | ग्रेड | थान | परिमाण क्यु.फि. | न्यूनतम मूल्य रु. प्रति क्यु.फि. | मूल्य रु. | कटान मुछ्यान खर्च रु. (प्रति क्यु.फि. |
|---|---|---|---|---|---|---|---|
| १ | साल | A | ५ | १०६।३३ | १२५०। | १,३२,९१२।५० | १४०।- |
| | | B | १९ | १७६।६२ | ९००। | १,५८,९५८। | १४०।- |
| | | C | ७३ | २२१।२१ | ६००। | १३२७२६। | १४०।- |
| | | D | २ | ४।०२ | ३००। | १,२०६। | १४०।- |
| | जम्मा | | ९९ | ५०८।१८ | | | १४०।- |
| | | | | | | ४,२५,८०२।५० | |

लट नं. २

| क्र.सं. | जात | ग्रेड | थान | परिमाण क्यु.फि. | न्यूनतम मूल्य रु. प्रति क्यु.फि. | मूल्य रु. | कटान मुछ्यान खर्च रु. (प्रति क्यु.फि. |
|---|---|---|---|---|---|---|---|
| १ | साल | A | ४ | ६६।७० | १२५०। | ८३,३७५। | १४०।- |
| | | B | १७ | १७४।८४ | ९००। | १,५७,३५६। | १४०।- |
| | | C | ४४ | १५५।८२ | ६००। | ९३,४९२। | १४०।- |
| | | D | १ | २०।७५ | ३००। | ६,२२५। | १४०।- |
| | जम्मा | | ६६ | ४१८।११ | | | १४०।- |
| | | | | | | ३,४०,४४८। | |

लट नं. ३

| क्र.सं. | जात | ग्रेड | थान | परिमाण क्यु.फि. | न्यूनतम मूल्य रु. प्रति क्यु.फि. | मूल्य रु. | कटान मुछ्यान खर्च रु. (प्रति क्यु.फि. |
|---|---|---|---|---|---|---|---|
| १ | असना | A | ८ | १५३।५२ | ४००। | ६१,४०८। | १४०।- |
| | | B | ११ | १०६।४९ | ३००। | ३१,९४७। | १४०।- |
| | | C | १२ | ६२।५९ | १००। | ६,२५९। | १४०।- |
| २ | बाझी | N | ६० | ४१३।७८ | १००। | ४१,३७८। | १४०।- |
| | जम्मा | | ९१ | ७३६।३८ | | | १४०।- |
| | | | | | | १,४०,९९२। | |

लट नं. ४

| क्र.सं. | जात | ग्रेड | थान | परिमाण क्यु.फि. | न्यूनतम मूल्य रु. प्रति क्यु.फि. | मूल्य रु. | कटान मुछ्यान खर्च रु. (प्रति क्यु.फि. |
|---|---|---|---|---|---|---|---|
| १ | दाउरा | | | ६ चट्टा साल मिश्रित | १२०००। | ७२,०००। | प्रति चट्टा १५०००। |

२. **बोलपत्र** खरिद तथा दाखिला गर्न पाइने अन्तिम मिति र समय :
(क) खरिद गर्ने अन्तिम मिति २०८२/०४/०५ गते विहान १० :०० बजे देखि ४ :०० बजेसम्म ।
( ख) दाखिला गर्ने अन्तिम मिति २०८२/०४/०६ गते दिउँसो १ बजे भित्र ।
३. टेण्डर फाराम फिर्ता नहुने गरी रू १,०००।०० तिरि सिंहदर्जा सामुदायिक वनको कार्यालय, सैनामैना-१०, डिभिजन वन कार्यालय भैरहवाबाट प्राप्त गर्न सकिनेछ ।
४. सिलबन्दी बोलपत्रका साथ कबोल गरेको रकमको १० प्रतिशत रकम यस समूहको सेवा विकास बैंक सालझण्डीमा रहेको बचत खाता नं. **02600300131719000001** मा रकम जम्मा गरेको सक्कल भौचर टेण्डर फाराम सहित पेश गर्नपर्नेछ ।
५. लिलाम विक्री हुने वन पैदावर सम्वन्धित घाटगद्दीमा गई हेर्न सकिनेछ । ६. लिलाममा भाग लिन इच्छुक व्यवसायीले डिभिजन वन कार्यालयबाट सुचिकृत दर्ता प्रमाण पत्र, व्यवसाय दर्ताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि १/१ थान बोलपत्रसाथ पेश गर्नुपर्नेछ र व्यवसायी स्वयं उपस्थित हुन नसकेमा कारोबार गर्नका लागि सहमति दिएको प्रमाणपत्रको प्रतिलिपि १ थान समावेश हुनुपर्नेछ ।
७. रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०४/०६ गते दिनको ३ बजे कार्यालय प्रतिनिधी वा निजका प्रतिनिधीको रोहबरमा समूहको कार्यालयमा खोलिनेछ ।
८.सूचनामा उल्लेख गरिएका काठहरु टेण्डर खोलेको १० दिनभित्र सकार गरेको रकम र कानुन बमोजिम लाग्ने कर र कटान मुछ्यान खर्च समेत छुट्टै दाखिला गरी तोकिएको अवधिभित्र उठाइसक्नुपर्नेछ ।
९. बोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।
१०. बोलपत्र सिलबन्दी, लाहा छाप वा स्टिच गरेको हुनुपर्नेछ र खाममा लट नं. र पेश गर्ने फर्मको नाम र ठेगाना उल्लेख गर्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस समूहमा निहित रहनेछ ।
१२. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएकोमा प्रचलित निति नियम बमोजिम हुनेछ ।
१३. उपरोक्त उल्लेखित कुनै दिनमा विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ ।
१४. यस विषयमा अन्य केही जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस समूहको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

बोधार्थ :

१. डिभिजन वन कार्यालय, भैरहवा रुपन्देही
२.कन्चन सव डिभिजन वन कार्यालय, भैसाही रुपन्देही
३.सैनामैना नगरपालिका वडा नं. १० को कार्यालय, सालझण्डी रुपन्देही
४.को.ले.नि. भैरहवा, रुपन्देही
५.वन निर्देशनालय बुटवल
६.वन तथा वातावरण मन्त्रालय देउखुरी, दाङ

चुडा बहादुर थापा
अध्यक्ष
मो.नं.९८६९०४३४४६